निर्णय नं ८ प्रस्ताव नं ८ माथि छलफल हुँदा यस केदारस्यूँ गाउँपालिकाको वडा नं.६,७ र ८ को पायक पर्ने स्थान दसैनमा खेलकुद मैदान निर्माण गर्नु पर्ने भएकोले युवा तथा खेलकुद मन्त्रालयमा रकम माग गर्ने भन्ने निर्णय गरियो ।

निर्णय नं ९ प्रस्ताव न. ९ माथि छलफल हुँदा यस केदारस्यूँ गाउँपालिका स्थित देउरा, चौडाम, डाफ्रु हुदै हसाडा देखि केदार सम्मको सडक निर्माणधिन अवस्थामा रहेकोले उक्त सडकमा रकमको अभाव भएको हुँदा पूर्वाधार विकास मंन्त्रालयमा रकम माग गर्ने भन्ने निर्णय गरियो।

निर्णय नं. १० प्रस्ताव नं. १० माथि छलफल हुँदा यस केदारस्युँ गाउँपालिका स्थित सिम डुडिल कनाडा रुला केदार मन्दीर सम्म पर्यटकीय सडक निर्माण गर्नुपर्ने भएकोले उक्त सडक निर्माण गर्न पूर्वाधार विकास मंन्त्रालयमा रकम माग गर्ने भन्ने निर्णय गरियो ।

इन्द्र बहादुर भण्डारी
गाँउ पालिका अध्यक्ष

४ स्थित बागथला उद्यम सिल कृषक समूहले रु ५,००,०००। को प्रपोजल सहित निवेदन पेश गरेको र हुनैनाथ होजियारी उधोग ,केदारस्यूँ ४ बागथला ले रु ४,९९,०००। को प्रपोजल सहित यस कार्यालयमा निवेदन पेश गरेकोले मुल्याकन समितिको निर्णय अनुसार उक्त होजियारी कार्यक्रम संचालन गर्ने भन्ने निर्णय पारित गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं ३ माथी छलफल गर्दा यस केदारस्यूँ गाउँपालिका बडा नं. १ देखि वडा नं ९ बाट छनौट भै आएका तपसिलका सुधारीएको घट्ट लाइ अनुमोदन गर्ने भन्ने निर्णय गरियो ।

तपसिल :

१. चौडाम गाउँ वडा नं. १

२. कोटीगाउँ खोला वडा नं. २

३. भाडीकोट धार, डाफ्रु गाउँ वडा नं ३

४. सुदाडा गाउँ वडा नं. ४

५. बहुराडी गाउँ वडा नं ५

६. उपरगाउँ वडा नं. ६

७. खिकिरी खोला, जसुडा खोला वडा नं. ७

८. लोतु गाउँ वडा नं ८

९. खाती विनाडा , कुलिबान वडा नं. ९

निर्णय नं. ४ प्रस्ताव नं.४ माथि छलफल हँदा यस केदारस्यूँ गाउँपालिकाका १ देखि ९ नं. वडा मा सामूदायिक महिला भवन निर्माण गर्नु पर्ने भएको ले उक्त सामूदायिक भवन निर्माण गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयलाई रकमको लागि माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल हँदा यस केदारस्यूँ गाउँपालिकाका १ देखि ९ नं. वडा मा सामूदायिक दलित महिला भवनको अतिआवश्यक भएकोले भवन निर्माणको लागि भौतिक पूर्वाधार विकास मन्त्रालयलाई रकम माग गर्ने निर्णय गरियो ।

निर्णय नं ६ प्रस्ताव नं ६ माथि छलफल हुँदा यस केदारस्यूँ गाउँपालिकामा खेलकुद मैदान निमाण गर्नुपर्ने भएकोले केदारस्यूँ १ को गर्जेपानी बगरमा खेलकुद मैदान निर्माण गर्न युवा तथा खेलकुद मन्त्रालयमा बजेट माग गर्ने निर्णय गरियो

निर्णय नं ७ प्रस्ताव नं. ७ माथि छलफल हुँदा यस केदारस्यूँ गाउँपालिकाका महिलाहरुको जिवन स्तर उकास्न, आर्थिक शसक्तिकरण तथा क्षमता अभिवृद्धि गर्न राष्ट्रपति उत्थान जिविको पार्जन सुधार कार्यक्रम संचालन गर्न महिला बालबालिका तथा जेष्ठ नागरिक मंन्त्रालयबाट रकम माग गर्ने भन्ने निर्णय गरियो ।

इन्द्र बहादुर भण्डारी

मिति २०७५।११।२६

गाउँकार्यपालिकाका प्रस्तावहरु :

इन्द्र बहादुर भण्डारी
गाँउ पालिका अध्यक्ष

१. रायल प्राथमिक स्वास्थ्य चौकी को स्तर उन्नती गरी १५ सैया अस्पतालको स्वास्थ्य मन्त्रालयमा माग गर्ने सम्वन्धमा ।
२. होजियारी कार्यक्रम सञ्चालन सम्बन्धमा ।
३. सुधारीएको घट्ट अनुमोदन गर्ने सम्बन्धमा ।
४. सामूदायिक महिला भवन निर्माण सम्बन्धमा ।
५. सामूदायिक दलित भवन निर्माण सम्वन्धमा ।
६. गर्जेपानी बगर खेलकुद मैदान निर्माण सम्बन्धमा ।
७. राष्ट्रपति उत्थान कार्यक्रम गर्ने सम्बन्धमा ।
८. दसैन खेलकुद मैदान निर्माण सम्बन्धमा ।
९. देउरा, चौडाम, डाफ्रु हुदै हसाडा केदार सडक सम्वन्धमा ।
१०. सिम डुडिल कनाडा, रुला, केदार प्रर्यटकिय सडक सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा यस केदारस्यूँ गाउँपालिकाको वडा नं.१ मा रहेको रायल प्राथमिक स्वास्थ्य केन्द्र देउरा बझाङ्गमा दैनिक विरामीहरुको चाप बढी रहेको र यस प्रा.स्वा.केन्द्रमा यस जिल्लाको थलारा गा.पा, वित्थड चिर गा.पा. , दुर्गाथलि गा.पा. , बुगल न.पा. बाट र छिमेकी जिल्ला बैतडी र डोटीका केहि गाउँपालिका बाट समेत दैनिक उपचारको लागि विरामी आउने गरेको हुँदा प्राथमिक केन्द्रको स्तरोन्ती गरी १५ सैया अस्पतालको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल हुंदा यस केदारस्यूँ गाउँपालिकाको आ.व ०७५।०७६ बार्षिक कार्यक्रम अनुसार होजियारी कार्यक्रमको लागि रु ५,००,०००। (पाँचलाख) विनियोजना भएको र सो कार्यक्रम संचालनको लागि केदारस्यूँ गाउँपालिका वडा नं २ बस्ने उज्जल विष्टले रु ५,००,०००। को प्रपोजल सहित निवेदन पेश गरेको , वडा नं.

(बैठक संख्या १३ (तेह्रौं))

आजमिति २०७५।११।२६ गते विहान ठिक ८:०० बजेका दिन यस केदारस्युँ गाउँपालिकाका अध्यक्ष श्री इन्द्र बहादुर भण्डारीज्यूको अध्यक्षता तथा तपसिल बमोजिमको समुपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| १ | इन्द्र बहादुर भण्डारी | अध्यक्ष |
| २ | निशा धामी | उपाध्यक्ष |
| ३ | श्री लोकेश वहादुर भण्डारी | वडाध्यक्ष वडा नं. १ |
| ४ | श्री चक्रवहादुर लुहार (वि.क.) | वडाध्यक्ष वडा नं. २ |
| ५ | श्री विर वहादुर खाती | वडाध्यक्ष वडा नं. ३ |
| ६ | श्री भक्त प्रसाद भट्ट | वडाध्यक्ष वडा नं. ४ |
| ७ | श्री कासीराम धामी | वडाध्यक्ष वडा नं. ५ |
| ८ | श्री करसिङ्गे धामी | वडाध्यक्ष वडा नं. ६ |
| ९ | श्री प्रेम वहादुर धामी | वडाध्यक्ष वडा नं. ७ |
| १० | श्री गणेश वहादुर बोहरा | वडाध्यक्ष वडा नं. ८ |
| ११ | श्री अहेन्द्र वहादुर शाही | वडाध्यक्ष वडा नं. ९ |
| १२ | श्री तस्विर वि.क. | कार्यपालिका सदस्य |
| १३ | श्री कटक वहादुर दमाई | कार्यपालिका सदस्य |
| १४ | श्री नन्दा देवी सिंह | कार्यपालिका सदस्य |
| १५ | श्री जौमती देवीबोहरा | कार्यपालिका सदस्य |
| १६ | श्री विमलाकुमारी शर्मा | कार्यपालिका सदस्य |
| १७ | श्री जुन देवीओखेडा | कार्यपालिका सदस्य |
| १८ | श्री जयराज पाध्या | नि . प्रमुख प्रशासकिय अधिकृत |

आमन्त्रीत

१९ श्री लेखराज रावल — सूचना अधिकारी

ईन्द्र बहादुर भण्डारी
गाउँ पालिका अध्यक्ष